# संघीय संसद
# राष्ट्रिय सभा
## सोह्रौं अधिवेशन
### बैठक - ८
### २०८१ जेठ १३ गते आइतबार
### नेपाल सम्वत् ११४४
### बिहान ११:३० बजे
### दैनिक कार्यसूची

### समितिमा सदस्यको मनोनयन

१. सम्माननीय अध्यक्षले विषयगत समितिमा माननीय सदस्यको नाम मनोनयन गर्नुहुने।

### नीति तथा कार्यक्रममाथि छलफल

२. सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ले "सम्माननीय राष्ट्रपतिबाट सम्वत् २०८१ साल जेठ १ गते संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

३. सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ले नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलको क्रममा उठेका प्रश्नहरूको जवाफ दिनुहुने।

४. सम्माननीय अध्यक्षले आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि पेस भएको संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुने ।

५. सम्माननीय अध्यक्षले आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रमलाई निर्णयार्थ प्रस्तुत गर्नुहुने।

### आर्थिक सर्वेक्षण पेस

६. माननीय अर्थ मन्त्री वर्षमान पुनले आर्थिक वर्ष २०८०/८१ को आर्थिक सर्वेक्षण सभासमक्ष पेस गर्नुहुने।

### व्यवस्थापन कार्य

७. माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले “मिडिया काउन्सिल विधेयक, २०८०” सभा समक्ष पेस गर्नुहुने।

पद्म प्रसाद पाण्डेय
महासचिव